# विद्यालयमा सिकाइ मेला

## अवधारणा र व्यवस्थापन


### कृष्णप्रसाद ढुङ्गाना

प्रधानाध्यापक

श्री तेर्से माध्यमिक विद्यालय, मेलम्ची नगरपालिका-६

तालामाराङ सिन्धुपाल्चोक

# सिकाइ मेला के हो ?

विद्यार्थीले विद्यालयको नियमित पठनपाठनको सिलसिलामा लामो समय लगाएर सिकेका महत्वपूर्ण सिकाइलाई विद्यार्थीहरूबाटै सरोकारवालाहरू समक्ष प्रस्तुत गर्ने शैक्षिक कार्यक्रम नै सिकाइ मेला हो ।

यस्तो कार्यक्रममा अन्य विद्यार्थी, अभिभावक, अन्य आगन्तुकहरू सहभागी हुन्छन्,कार्यक्रमको अवलोकन गर्छन् र विद्यार्थीहरूले तयार गरेका क्रियाकलापमा भाग लिन्छन् । यसबाट विद्यार्थीको व्यवहारिक सिकाइको बारेमा जानकारी लिने–दिने अवसर सिर्जना हुन्छ ।

# सिकाइ मेला किन महत्वपूर्ण छ ?

- विद्यालयमा भएका सिकाइ क्रियाकलापको प्रभावकारिता बारेमा मूल्यांकन गर्न ।
- विद्यार्थीहरूमा जिम्मेवारी बहन गर्ने सीपको विकास हुन्छ ।
- विद्यार्थीहरूको सक्रियता बृद्धि गर्दछ ।
- सिकाइलाई दिगो बनाउन मद्दत गर्दछ ।
- पाठ्यक्रमले निर्धारण गरेको प्रयोगात्मक अंशको व्यवहारिक प्रयोग हुन्छ ।
- सिकाइलाई बढी तथ्यपरक बनाउन र सिकाइमा उत्साह बृद्धि हुन्छ ।
- नयाँ खोज र सिर्जनशीलतालाई प्रोत्साहन हुन्छ ।

# सिकाइ मेला कस्तो हुन्छ ?

विद्यालयले आयोजना गर्ने सिकाइ मेलामा प्रस्तुत हुने शैक्षिक प्रदर्शनी विभिन्न तह वा विषयसँग सम्बन्धित भएर तयारी गर्न सकिन्छ। सामान्यतया दुई तरिकाले सिकाइ मेला आयोजना गर्न सकिन्छ।

## क) विषयगत सिकाइ मेला :

भाषा, गणित, विज्ञान, सामाजिक, कला आदि विषयगत आधारमा क्रियाकलाप प्रदर्शनी गर्ने

## ख) मिश्रित सिकाइ मेला :

हरेक विषयमा महत्वपूर्ण सिकाइ क्रियाकलापलाई समेटेर कक्षागत वा तहगत आधारमा क्रियाकलाप प्रदर्शनी गर्ने

# सिकाइ मेला आयोजना गर्दा कस्ता कुरामा ध्यान दिनुपर्छ ?

- सिकाइ मेला कुन किसमको आयोजना गर्ने भनि छलफलबाट निर्धारण गर्ने,
- मेलाको प्रकृति कस्तो हुने, आगन्तुकहरू को को हुने भन्ने विषयमा प्रष्ट हुनुपर्दछ ।
- आधारभुत सामग्रीहरू व्यवस्थापन गर्न स्रोत के,कति, कहाँबाट जुटाउने र बजेटको सीमा कति हुने भन्ने कुरामा पूर्व योजना हुनुपर्दछ ।
- सिकाइ मेला तयारीमा को को, कुन कुन क्षेत्रमा कसरी परिचालित हुने भन्ने पूर्व ततयारी हुनुपर्दछ ।

# सिकाइ मेला सञ्चालनका मुख्य चरणहरू

१) प्रारम्भिक छलफल तथा अवधारणा निर्माण एवं आधारभुत कार्ययोजना तयार गर्ने

२) पाठ्यक्रम अन्तर्गत गरिएका महत्वपूर्ण सिकाइका क्रियाकलापहरू निर्धारण गर्ने,

३) शिक्षकहरूको बैठक बसी हरेक शिक्षकले निक्यौंल गरेका मुख्य सिकाइ क्रियाकलापहरूको सूची छलफल गरी स्टल संख्या निर्धारण गर्ने,

४) हरेक स्टलका लागि आवश्यक स्रोत, सामग्री, विद्यार्थी संख्या र उनीहरूको भूमिका विश्लेषण गर्ने

५) विद्यार्थीहरूलाई तयार पार्ने र अभ्यास गराउने,

६) विद्यार्थीहरूको मूल्यांकन गर्ने मूल्यांकनका औजारहरू निर्माण र प्रयोग गर्ने

७) अभ्यास मेला सञ्चालन गर्ने र पृष्ठपोषण गर्ने

८) सिकाइ मेला सञ्चालन गर्ने ।

# विद्यार्थीलाई तयारी र अभ्यास

- जम्मा स्टल संख्या र तिनका विषयहरू
- विद्यार्थीको समूह गठन र स्टलको बाँडफाड
- स्टल राख्ने ठाउँ, सामानको आसारपसार र काम सकिएपछि त्यसको व्यवस्थापन
- चाहिने सामग्रीको निर्माण र संकलन
- हरेक स्टलमा विद्यार्थीले गर्ने भूमिका र पूर्व अभ्यास

# सिकाइ मेला प्रदर्शनी स्थल व्यवस्थापन

- प्रवेशद्धार, स्वागत
- नाम दर्ता, मूल्यांकन फाराम
- आधारभुत जानकारी डेस्क
- स्टलहरू (कक्षागत–विषयगत स्टलहरू, प्रदर्शनी, बिक्री कक्ष)
- मूल्यांकन फाराम संकलन
- आगन्तुक बिदाइ तथा उपहार प्रदान
- बाहिर जाने बाटो

**बैकल्पिक योजना :**

मौसम प्रतिकूलता भए कोठामा स्टल राख्ने, विद्युतको वैकल्पिक व्यवस्था, भैपरी आउन सक्ने सम्भावित समस्या बारे पूर्व तयारी

# स्टलको तयारीका चरण

- क्रियाकलापको छनोट
- निर्देशन लेखन
- स्रोत सामग्रीको तयारी
- अभ्यास
- प्रस्तुतीकरण
- पृष्ठपोषण
- पुन:अभ्यास
- पुनः प्रस्तुतीकरण

# पूर्व अभ्यास मेलामा ध्यान दिनुपर्ने कुराहरू

सिकाइ मेला गर्ने केही दिन अघि विद्यार्थीहरूलाई आ आफ्नो स्टल राखी पूर्व अभ्यास गराउनु पर्दछ । त्यसबाट केही कमी कमजोरी भएमा सुधार्ने मौका मिल्छ र वास्तविक सिकाइ मेला व्यवस्थित हुन मद्दत पुग्छ । त्यसका लागि निम्न कुरामा ध्यान दिनु पर्दछ ।

- स्टलहरू कहाँ–कहाँ कसरी राखिएका छन् ?
- सिकाइ मेलालाई कति समय राख्ने र आगन्तुकहरूलाई दिने समय कति हुने ?
- मेलामा क–कसलाई आमन्त्रण गर्ने ?
- कति विद्यार्थी समावेश भएका छन् र बाँकीले के गर्ने ?
- आगन्तुकहरू कसरी सहभागि हुने ?

# सिकाइ मेलाको मूल्यांकन

सिकाइ मेला सम्पन्न भएपछि सो को मूल्यांकन गर्नुपर्ने हुन्छ । त्यसका लागि निम्न दुई चरण अपनाउनु पर्दछ ।

## क) सिकाइ मेलाका बारेमा छलफल :

- सिकाइ मेला सकिएपछि अर्को दिन मेला आयोजना गर्ने र व्यवस्थापन गर्ने पक्षहरू जस्तै शिक्षक, विद्यार्थीहरूको भेला बसी सोका बारेमा छलफल र विश्लेषण गर्नुपर्दछ ।

क्रमशः.........

## ख) मूल्यांकन र प्रतिवेदन :

सिकाइ मेलाको बारेमा छलफल र विश्लेषण गरी निम्न कुराहरूका आधारमा प्रतिवेदन तयार गर्नुपर्दछ ।

- शैक्षिक मेलाप्रति अभिभावक र आगन्तुकको प्रतिक्रिया कस्तो रह्यो ?
- कस्ता कस्ता कामहरू राम्रोसँग गर्न सकियो ?
- कस्ता कस्ता कुराहरूले समस्या देखियो ?
- आउँदो वर्ष ति समस्यालाई कसरी समाधान गर्ने ?
- क–कसले क–कसलाई सहयोग गर्न सकेमा मेला अझ प्रभावकारी बन्न सक्छ ?


# सिकाइ मेला सम्बन्धी केही दृष्य सामग्रीहरू:

क) क्षितिज सिकाइ मेला २०७४ भोटेनाम्लाङ :
https://www.youtube.com/watch?v=luezzGYnNmM

ख) पानीबाट बिजुली कसरी निस्कन्छ भनेर देखाउँदै विद्यार्थीहरू :
https://www.youtube.com/watch?v=tF4Z6BCPE4U

ग) सिकाइ मेलामा राखिएका विभिन्न स्टलहरू:
https://www.youtube.com/watch?v=Z4GaMo6rhJo

# अब छलफल गरौं ....



# धन्यवाद ।